# जिल्ला समन्वय समिति
## भरतपुर, चितवन

२०७३
जिल्ला समन्वय समितिको कार्यालय
भरतपुर, चितवन
बागमती प्रदेश, नेपाल

मिति : २०७७।०४।०५

### विज्ञप्ती

चितवन जिल्ला, माडी नगरपालीका वडा नं- ९ कुसुमखोलामा रहेको सुकुम्बासी चेपाङ्ग समुदायका घरहरुमा चितवन राष्ट्रिय निकुञ्ज प्रशासनले आगजनी गर्नुका साथै हात्ती लगाएर घरहरु भत्काएकोमा जिल्ला समन्वय समिति, चितवन यस घटनाको घोर भर्त्सना गर्दछ ।

वि.सं. २०५३ सालबाट सो ठाउँमा बस्दै आएका सुकुम्बासी चेपाङ्गहरुलाई बसोवास गरी आएको स्थानबाट हटाउन स्थानीय सरकार वा सरोकारवाला कुनै पनि निकायसँग समन्वय नगरी वर्षात्को समयमा अमानवीयतापूर्वक उनीहरुको लत्ताकपडा, महत्वपूर्ण कागजात तथा निमेक गरेर कमाएको रकम तथा अन्नपात समेत पूर्णरुपमा नष्ट हुनेगरी २ वटा घरमा आगो लगाउने तथा ८ वटा घरहरु हात्ती लगाएर भत्काउने जस्तो निकृष्ट र अमानवीय कार्य भएको छ । यस घटनामा जिल्ला समन्वय समिति चितवनको गम्भिर ध्यानाकर्षण भएको छ ।

लामो समयदेखि बस्दै आएको सुकुम्बासी वस्तीमा उपर्युक्त अर्को विकल्प विनै हस्तक्षेप गर्ने निकुञ्ज प्रशासनको निन्दनीय कार्यप्रति खेद व्यक्त गर्दै घरबार विहीन बनाईएका ती सुकुम्बासी चेपाङ्गहरुको उचित व्यवस्थापन र क्षतीपूर्तीको लागी सम्बन्धित निकायको ध्यानाकर्षण गराउँदछु ।

कृष्ण कुमार डल्लाकोटी
प्रमुख

कृष्ण कुमार डल्लाकोटी
प्रमुख